नेपाल सरकार

कृषि तथा सहकारी मन्त्रालय

**कृषि विभाग**

# पोष्टहार्भेष्ट व्यवस्थापन निर्देशनालय

## आ.व. २०६७/०६८ का बार्षिक अवधिमा सम्पन्न कार्यक्रमहरूको मूल्याङ्कनका आधारमा निकायको संक्षिप्त प्रतिक्रिया ।

यस आ.व ०६७।६८ लक्षित कार्यक्रमहरु संचालन भई शत प्रतिशत प्रगति हासिल भएको छ । पूँजीगत खर्च शिर्षक अन्तर्गतका कार्यकमहरु : अधुरो कार्यालय भवन निर्माण, इनार तथा धारा बिजुली वायरिङ्ग, फर्निचर खरिद, Thermo Hygrometer १,सोलार ड्रायर २, कम्प्युटर २ खरिद कार्य सम्पन्न भएको । चालु खर्च शिर्षक तर्फ अध्ययन कार्यकमहरु जस्तै : प्याजको भण्डारण प्रविधि अध्ययन परिक्षण, अनाज/बीउ भण्डारण organic storage (Hermetic storage) प्रविधि अध्ययन, स्थानिय पोष्ट हार्भेष्ट उपकरण तथा प्रविधि अभिलेखिकरण, एकिकृत अन्न बीउ भण्डारण कृषक पाठशाला कार्य संचालन भइरहेको छ । त्यस्तै जुनार, सुन्तला ग्रेडिङ्ग उपकरण अध्ययन, च्याउको सोलार ड्रायङ्ग पोष्ट हार्भेष्ट प्रविधि अध्ययन, आँप र केराको Ripening study अध्ययन कार्य सम्पन्न भएको र कट्फ्लावर (जर्वेरा र गुलाफ) को vase life अध्ययन पूरा भएको छ । जिरो इनर्जी भण्डारण प्रदर्शन (फलफुल तथा तरकारी) कार्य सम्पन्न गरिएको, कार्यकम अनुगमन तथा पोष्ट हार्भेष्ट औजार उपकरण स्रोतकेन्द्रहरुको निरिक्षण कार्य सम्पन्न भएको । साथै राष्ट्यि औद्यौगिक कृषि मेलामा सहभागी हुने, विश्व खाद्य दिवसको लागि उत्कृष्ट भण्डारण कृषक छनौट गर्ने कार्य सम्पन्न भएको त्यस्तै बार्षिक प्रगति तथा प्रविधिहरु समेटी website अध्यावधिक गर्ने कार्य सम्पन्न भएको, बार्षिक प्रगति पुस्तिका तथा प्राविधिक सामाग्री प्रकाशन गर्ने कार्य सम्पन्न गरिएको, प्रगति समिक्षा तथा कार्यकम बजेट तर्जुमा गोष्ठीहरुमा सहभागी हुने कार्य सम्पन्न गरिएको । अन्य लक्ष्य नतोकिएको कार्यकमहरु विभागिय निर्णय अनुसार विभिन्न समयमा संचालन गरिएका गोष्ठी, तालिमहरुमा भाग लिने कार्य सम्पन्न भएको छ ।